बुद्धभूमी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बुड्ढी, कपिलवस्तु

५ नं. प्रदेश, नेपाल

## *पटके सबारी कर संकलन सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना*

*प्रथम पटक प्रकाशित मिति:२०७५।०३।११*

यस बुद्धभूमी नगरपालिका क्षेत्र भित्र तपसिलका स्थानहरुबाट पटके सवारी कर संकलनको लागि ठेक्का व्यवस्थापन गर्नुपर्ने भएको ले नेपाल सरकारबाट इजाजत (मान्यता) प्राप्त फर्म संस्था बाट निम्न शर्तहरुको अधीनमा रही निम्नानुसारको कूल अंकमा नघट्ने गरी रीतपूर्वक शिलबन्दी दरभाउपत्र आह्वान गरिएको व्यहोरा इच्छुक सम्बन्धित सबैका जानकारीका लागी यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | पटकेसबारी कर संकलन हुने स्थान | कूल अंक | दरभाउपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | क) टिक्कर-बुड्ढी-विजगौरी सडक<br>ख) डुमरा-महाराजगंज सडक | २,५०,०००।- | १०००।- | |

शर्तहरु

१. दरभाउपत्र फाराम यो सूचना प्रकासित भएको मितिले १५ दिन भित्र अर्थात २०७५।०३।२६ गते सम्म कार्यालय समय भित्र यस कार्यालयको एन.एम.वि.बैंक शाखा कार्यालय गोरुसिंगेमा रहेको संचितकोष खाता नं.04006005599760000001मा फाराम दस्तुर वापत जम्मा गरेको सक्कल बैंक भौचर संलग्न राखि दरभाउपत्र फाराम खरिद गर्नुपर्ने छ।

२. १६औं दिनको १२:०० बजे भित्र माथि उल्लेखित कुल अंकमा नघट्ने गरि शिलबन्दी सहित दरभाउपत्र पेश गरिसक्नुपर्ने छ। सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधीको उपस्थितीमा नगरकार्यपालिकाको कार्यालयमा शिलबन्दी दरभाउपत्रहरु खोलिने छ। दरभाउपत्र दाता वा प्रतिनिधी उपस्थीत नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। रितपूर्वक नभएको दरभाउपत्रहरुको मूल्यांकन गरिने छैन।

३. दरभाउपत्र पेश गर्दा दरभाउपत्रसाथ धरौटी बापतको रकम (कूल अंकको ५%ले हुन आउने रकम रु.१२,५००।-) यस कार्यालयको नाउँमा रहेको हि.नं.04400600559976000004 मा धरौटी खातामा जम्मा गरी सक्कल भौचर शिलबन्दी दरभाउपत्र भित्रै दरभाउपत्र कागजातसंगै संलग्न हुनुपर्ने छ।

४. प्रचलित कानून बमोजिम लाग्ने कर तथा शुल्कहरु ठेका लिने व्यक्ति वा संस्था स्वयंले तिर्नुपर्ने छ।

५. सम्झौतामा उल्लेख भएको दररेट भन्दा बढी दरमा कर उठाउन पाईने छैन।

६. सरकारी, कुटनीतिक नियोग र सार्वजनिक संस्थानका सवारी साधनहरुबाट कर उठाउन पाईने छैन।

७. कुल कबोल अंकलाई २ किस्ता कायम गरिने छ। पहिलो किस्ता वापत कूल कबोल अंकको ५०% रकम सम्झौता हुनुअगावै र बाँकी ५०% रकम २०७५ मंसिर मसान्तभित्र बुझाउनुपर्ने छ। कूल कबोल अंकको एकमुस्ट रकम अग्रिम बुझाएमा कबोल अंकको १०% छुट दिईने छ।

८. प्रथम किस्ता वापतको रकम यस कार्यालयको संचित कोषमा दाखिला गरेको सक्कल बैंक भौचर पेश भएपछि सम्झौता गरिने छ। ठेका सदर भएको ब्यक्तिले तोकेको समयभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुने छ।

९. दरभाउपत्र स्वीकृत भई सम्झौता भएपश्चात कुनैकिसिमको छुट, मिनाहा, माफी दिईने छैन। शर्तमा उल्लेख नभएका अन्यकुराहरु नियमानुसार हुनेछ।

प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner